**Nepalese Culture**
**Vol. 17 : 142-156, 2024**
**Central Department of NeHCA,**
**Tribhuvan University, Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/nc.v17i1.64424**

# प्राचीन नेपालको चिनतिब्बत सांस्कृतिक तथा आर्थिक सम्बन्ध

**श्रीलोचन राजोपाध्याय**
शोधार्थीः एम्फिल, संस्कृति विभाग, त्रि.वि.
shreelochan2070@gmail.com

## लेखसार

*भौगोलिक अवस्था अनुसार नेपाल भूपरिवेष्ठित राष्ट्र हो । उत्तर खण्डबाट अन्य तीन वटै दिशामा विशाल भारत छिमेकीको रूपमा रहेको छ । विश्वमान चित्रकै दुई ठूला देशबीचमा नेपाल अवस्थित छ । नेपालले यी दुवै छिमेकी राष्ट्रसँगको सम्बन्ध आज मात्र नभएर पौराणिक कालदेखि राखेको देखिन्छ । यस अनुसन्धात्मक आलेखमा चीनसँगको सम्बन्ध मात्र विश्लेषण भएको छ । अहिले वर्तमान समयमा तिब्बत (तत्कालिन समयमा भोट) र चीन एकै हो । स्वयम्भु पुराण अनुसार उत्तरी छिमेकीसँगको सम्बन्ध पौराणिकसमयदेखि भएको स्पष्ट हुन्छ । बुद्ध धर्म बारे थप ज्ञान हासिल गर्न चिनियाँ भिक्षु तथा तीर्थ यात्रीहरू गौतम बुद्ध जन्मेको नेपालको लुम्बिनी र कपिलबस्तु आउने क्रम सुरू भएको थियो । लिच्छविकाल जसलाई प्राचीज समय पनि भन्ने गरिन्छ । यस समयका राजा अंशुवर्मा, उदय देव र नरेन्द्र देवको समयमा उत्तरी छिमेकीसँगको सम्बन्ध रहेको देखिन्छ । गुप्तहरूको दबाव झेल्न नसकि उदय देवले चीनको सरण लिए । उनका छोरा नरेन्द्र देवले चीनकै सहयोगमा आफ्नो राज्य फिर्ता लिन सफल भए । यसरी आवश्यक परेको बेलामा छिमेकी देशले एक आपसमा सहयोगको भावना राखेको देखिन्छ । नेपालकी छोरी भृकुटी र चिनियाँ बादशाहबीचको वैवाहिक सम्बन्धले पनि दुई देशबीचको आपस सम्बन्ध कस्तो रहेको थियो भन्ने थाहा हुन्छ । नेपालले लिच्छवि र यस समय भन्दा अगाडि कस्तो सम्बन्ध राखेको थियो भन्ने पक्ष नै उठान गरिएको छ । त्यस समयमको अवस्थालाई विषय वस्तुको रूपमा लिइ यो सोध अध्ययनले त्यसको विश्लेषण गर्न खोजेको छ । यो अध्ययन अनुसन्धात्मकको स्वरूपका दृष्टिले एक अन्वेषणत्मक प्रकृतिको गुणात्मक अध्ययन हो । यसमा पहिलो भन्दा द्वितीयक स्रोतको बढी प्रयोग भएको छ ।*

***शब्दकुञ्जी :*** भोट, भृकुटी, कपिलवस्तु, नरेन्द्रदेव, मञ्जुश्री ।

## विषय प्रवेश

नेपाली समाज र इतिहास प्राचीनकालदेखि सँगसँगै हिडिरहेकोछ । नेपालले आफ्नो उत्तरी र दक्षिण छिमेकी देशहरूसँग पौराणिकदेखि वर्तमान समयसम्म सुमधुर सम्बन्ध राख्दै आइरहेको छ । शाह वंशीय राजा

पृथ्वीनारायण शाहले भनेझैं नेपाल दुई विशाल ढुंगाको बीचमा रहेको राष्ट्र हो । अर्थात नेपालको उत्तर र दक्षिण सिमानामा आकारले संसारकै दुई ठूला राष्ट्र रहेका छन् । यी दुवै विशाल राष्ट्रसँग पौराणिक समयदेखि नै नेपालले सन्तुलित बनाएर सम्बन्ध राखेको देखिन्छ । अध्ययनको विषय नै नेपालको सम्बन्ध भोट (तिब्बत) र चीनबीचको सम्बन्ध रहेको छ । नेपालले राजनैतिक, व्यापारिक, आर्थिक र सांस्कृतिकसँगै अन्य विविध पक्षमा उत्तर दिशाको छिमेकी राष्ट्रसँग प्रकाढ बनाएको मान्न सक्छौं । अनुसन्धानको मुख्य विषय नै उत्तरी सिमानाको छिमेकी अर्थात हिमालपारीको देशसँगको सम्बन्ध खोजी गर्नु नै हो । नेपालको इतिहासमा हामीसँग ऐतिहासिक र प्रामाणिक अभिलेखिय आधारमा मात्र लिच्छवीकाल देखि छिमेकी भोट र चीनसँगको अध्ययन गर्ने सामग्री उपलब्ध छ । जसबाट हिमालपारी देशसँगको सम्बन्ध नजिक प्रयास पुग्न सक्छौं ।

## अध्ययनको विधि

प्राचीन समयमा तिब्बत र चीनसँग नेपालको सम्बन्ध प्रस्तुत अध्ययन स्वरूपका दृष्टिले अन्वेषणात्मक प्रकृतिको गुणात्मक अध्ययन हो । यस अध्ययनको दर्शन प्रसारवाद हो । विषयवस्तु अनुरूप यो ऐतिहासिक अध्ययन हो । त्यसकारण यसमा चाहिने तथ्यहरू ऐतिहासिक विशेषतायुक्त किसिमका गुणात्मक र वर्णात्मक तथ्यहरू आवश्यकता पर्दछ । यसै विधिबाट नयाँ ज्ञानको सृजना गरिएको छ । अध्ययनको क्रममा आवश्यक पर्ने पहिलो तथा द्वितीयक स्रोत आवश्यकता देखिन्छ । तर, तिब्बत र चीनसँगको सम्बन्ध बारे प्राथमिक स्रोत अभाव छ । यस कारण यस अध्ययनको मुख्य विधि द्वितीयक स्रोत हो । लिच्छवी समय अघिको ऐतिहासिक लिखित प्रमाण खासै उपलब्ध नहुँदा यस विषयको अनुसन्धानको मुख्य आधार नै सेकेन्डरी स्रोतमा निर्भर रहेर गरिएको हो ।

द्वितीयक स्रोतमा पुराण, वंशावली, स्वदेशी तथा विदेशी विद्वान्हरूले लेखेका ग्रन्थ तथा अनुसन्धानत्मक लेख रचना नै सेकेन्डरी स्रोतका रूपमा राखेको छु । साथै लिच्छविकालिन समयमा केही अभिलेख पनि यस विषयको अनुसन्धानमा अध्ययन भएको छ । विभिन्न अभिलेखहरू, प्राप्त ऐतिहासिक सामग्रीहरू तथा प्रकासित ग्रन्थहरूको अध्ययन एवं उनीहरूको सृङखला वद्ध विश्लेषण र तुलनात्मक ढाँचालाई नै मुख्य अध्ययनको विधिका रूपमा अबलम्वन गरेको छु ।

## अध्ययनको समस्या

नेपालमा अभिलेख राख्न थालनी भयो, त्यसबेला देखि उत्तरमा रहेको छिमेकी देशसँगको सम्बन्ध आधिकारिक रूपमा विस्तारै खुल्दै गएको देखिन्छ । नेपाल-भारतसँगको सम्बन्ध बारेमा भारतीय स्रोत प्रसस्तै भेन्छिन् । तर, पाँचौं शताब्दीअघि नेपालले भोट र चीनसँगको सम्बन्ध कस्तो राखेको थियो ? तिब्बत (भोट) र चीनले नेपाललाई कस्तो नजरले हेर्थे ? यस प्रश्नको उत्तर खोज्न मुश्किल पर्छ । सिमित स्रोत र साधनका कारण नै त्यसबेला उत्तरी सिमाना पारी देशसँगको क्रियाकलाप बारेमा अध्ययन गर्ने कार्य ज्यादै कठिन कार्य नै मान्नुपर्छ । आर्थिक, ब्यापारिक, कुटनीति र सांस्कृतिक सम्बन्धको हालसम्म यथेष्ठ प्रमाण र गहन अध्ययन विना अनुसन्धान अधुरो रहन्छ । अझ सातौं शताब्दीति र महत्त्वपूर्ण घटनाका रूपमा भृकुटी र चिनियाँ बादशाह स्रङचङ गम्पोबीचको वैवाहिक सम्बन्धका साथै भृकुटी कस्की छोरी भन्ने अध्ययनको विषयसमेत रहेको छ । चिनियाँहरूले भृकुटीलाई हरित ताराका रूपमा लिन्छन् । नेपालकी छोरी भनिने भृकुटी वास्तवै कुन लिच्छवी

राजाकी छोरी भन्ने स्पष्ट छैन। कुनै समयमा विद्वान्हरूले भृकुटी अंशुवर्माकी छोरी भनी कलम चलाए। अहिले अंशुबर्मा नभएर भृकुटी उदय देवकी छोरी भन्न थालिएको छ।

१. लिच्छवीकाल अघिको चीन वा भोटसँगको सम्बन्ध बारेमा विस्तृत अभिलेखिय प्रकाशनमा नआउनु हो।

२. चिनियाँ यात्री तथा धर्मालम्बीहरूले कपिलवस्तुमा गौतम बुद्धको जन्म स्थल भ्रमणपछि लेखेका यात्रा स्मरणको अध्ययन तथा यस विषयमा नेपाली भाषामा प्रकासनमा नहुनु पनि अर्को समस्या हो।

३. पाँचौं शताब्दीपछि अभिलेख राख्ने सुरू भइसकेको अवस्था पनि हामी चिनियाँ स्रोतकै भरमा अध्ययन गर्नुपर्ने अर्को बाध्यता हो।

## अध्ययनको उद्देश्य

नेपालसँग भोट (तिब्बत) र चीनसँगको ऐतिहासिक, सांस्कृतिक, धार्मिक, आर्थिक तथा सामाजिक पक्ष बारे विभिन्न स्वदेशी तथा विदेशी विद्वान्हरूले पुस्तक, अनुसन्धात्मक लेख रचना तथा ग्रन्थ निकालेका छन्। यी अनुसन्धात्मक लेख तथा रचनामा नेपालको हिमालपारी छिमेकीसँगको सम्बन्ध पाँचौं शताब्दी भन्दा अगाडि कस्तो थियो भन्ने स्पष्ट छैन। व्यवस्थिति रूपमा यसको अध्ययन र अनुसन्धान हुनु आवश्यक देखिन्छ।

१. प्राचीन समयमा बौद्ध तीर्थ यात्री कपिलवस्तु आउँदा नेपाल उपत्यका (काठमाडौं) भित्र प्रवेश गरे वा गरेनन ? पक्षको खोजी गर्नु हो।

२. तिब्बत र चीनसँगको सम्बन्ध बारेमा छैटो शताब्दी अघिका अभिलेखमा सिकन चर्चा नगरिएको पक्ष अध्ययन गर्नुन हो।

३. तिब्बतमा नेपालबाट कसरी बौद्ध धर्मको विकास भयो भन्ने पक्षको अध्ययन गर्नु अर्को उद्देश्य रहेको छ।

## अध्ययनको महत्त्व

छिमेकी देशहरू सधै एक अर्काका सहयोग हुन्छन्। तर, सधै उनीहरू सहयोगी हुँदैनन्। विश्व इतिहासको पाना पल्टाउदा यस्तै उदाहरण हामी पाउन सक्छौं। क्षेत्रफलको आधारमा भारत र चीन नेपालको दुई ठूला छिमेकीका रूपमा छन। अनुसन्धानको विषयमा भोट (तिब्बत) र चीन रहेको छ। यो विषयले अध्ययनको महत्त्व पनि दर्शाउछ। हिमालपारी छिमेकी देशको अध्ययन गर्नु भनेको नेपालले पौराणिक देखि वर्तमानसम्म कस्तो सम्बन्ध राखेको भन्ने हो। यसका साथै भोट र चीनले पनि छिमेकी देश नेपालसँगको सम्बन्ध कुन रूपमा लिएको भन्ने महत्त्व राख्छ। विभिन्न समयमा भएको घटनाका आधारमै यी देशहरूबीचको राजनीति, धार्मिक, सांस्कृति र आर्थिक पक्ष केलाउने हो।

## विषयमा प्रवेश

नेपालको इतिहासमा लिच्छविअघि पनि गोपाल, महिषपाल तथा किरातहरूले राज्य गरेका थिए। उनीहरूको बारेमा प्रामाणिक आधार पाउन निकै कठिन छ। लिच्छवी अघि समयको इतिहास, भूगोल, राजनैतिक,

समाज र छिमेकीसँगको सम्बन्ध बारे जानकारी केवल वंशावली र साहित्यक स्रोतमा मात्र भरपर्नु परेको अवस्था छ। यसबाहेक लेखन वा अभिलेखका आभारमा त्यसबेलाको इतिहास स्रोत हाम्रो सामु छैन। तसर्थ आधिकारिक स्रोत प्राप्त नभएका कारण नै गोपाल, महिषपाल तथा किरात समयलाई पौराणिक काल मानेको देखिन्छ। मुख्य गरी नेपालको इतिहासलाई लिच्छवी, मध्यकाल (पूर्व र उत्तर मध्य) र शाहकालसम्म हिमालपारीको देश चीनसँगको सवै खालको सम्बन्ध निकै राम्रो रूपमा विकास भएको पाउन सक्छौं।

अध्ययन र अनुसन्धानको मूल विषय नै नेपालको भोट र चीनसँग प्राचीनकालदेखिको सम्बन्ध हो। अध्ययनको सेरोफेरो र सिमाना यही भित्र नै रहेको छ। लिच्छवी राजा मानदेवले अभिलेख राख्ने थालनी गरेपछि मात्र हाम्रो सामु अभिलेखीय इतिहासका प्रमाणिक स्रोत बन्ने क्रम भएपछि छिमेकी देशसँगको बारे थप जानकारी प्राप्त हुँदै गएको हो। यसबाहेक चिनियाँ तीर्थ यात्रीहरूले विभिन्न कालखण्डमा कपिलबस्तुको भ्रमणपछि लेखेका यात्रा स्मरण अर्को अध्ययनको स्रोत हो। मानदेवपछिका अभिलेखमा मात्र नेपाल, भोट र चीनसँगको सम्बन्ध बारे विस्तारै खुलाएको देखिन्छ। हिमालपारी देशसँगको सम्बन्ध विषयमा यी विभिन्न खण्डमा अध्ययन गरिएको छ।

## पौराणिक र मञ्जुश्री

नेपालको भोट र चीनसँगको सम्बन्ध पौराणिककाल देखि रहेको देखिन्छ। यसलाई त्रेता युगसम्म जोड्न सकिन्छ। यसको बलियो प्रमाण रूपमा चीनबाट बोधिसत्व मञ्जुश्रीको नेपाल उपत्यकाको आगमन नै हो। वर्तमान अवस्थाको काठमाडौं उपत्यका कुनै समय एक विशाल तलाउ थियो। यही तलाउबाट पानी बाहिर निकालेर यहाँ मानव बस्ती बसालेको हिन्दु तथा बौद्ध धर्मसँग जोडिएको छ। हिन्दु धर्म अनुसार द्वापर युगमा कृष्णले यहाँको पानी बाहिर पठाएका थिए। बौद्ध धर्म अनुसार महाचीनबाट बोधिसत्व मञ्जुश्री नेपाल उपत्यकामा आएर दक्षिणी भेगबाट पानी बाहिर पठाए। काठमाडौं उपत्यकाको उत्पत्ति र स्वयम्भूको अवतरण पनि मञ्जुश्रीसँगै भएको स्वयम्भू पुराणमा उल्लेख छ (पाण्डे र रेग्मी, वि.सं. २०५४, पृ. ७४-७५)। राइट वंशावली अनुसार मञ्जुश्रीको नेपाल उपत्यकामा आएको समय त्रेता युग थियो (Wright, 1877. p. 78)। स्वयम्भू पुराणको तुलनामा राइट वंशावलीमा मञ्जुश्रीको बारेमा केही थप जानकार पाउन सकिन्छ। राइटले निकै जोडका साथ उनको समयलाई त्रेता युग नै भनेका छन्। मञ्जुश्री नेपाल उपत्यकामा आउँदा आफूसाथ देशका कृषक, भिक्षु, शिष्य, राजा धर्माकर र दुई पत्नी (देवी) आएका थिए।

मञ्जुश्री चीनबाट आउँदा भक्तपुर भन्दा एक मील टाढा तीन दिनसम्म बसेका थिए। त्यसपछि स्वयम्भको ज्योति दर्शन गरी नागदहबाट पानी निकालिएको राइट वंशावलीमा उल्लेख छ। फुलोच्च र ध्यानोच्च पहाडमा वरदा र मोक्षदा दुई देवीहरूको स्थापन्न उनले गरे। त्यसको बीचमा मन्जुश्री स्वयम बसे। र, चौभार डाँडा काटेर विशाल उपत्यकाको तलाउ पानी बाहिर निकाले (पाण्डे र रेग्मी, पृ. ७५)। बौद्ध धर्मको स्वयम्भू पुराण तथ्य आधार लिँदा नेपाल र चीनसँगको सम्बन्ध पौराणिक देखि हो। राइट वंशावली अनसार छिमेकी देशसँग नेपालको सम्बन्ध त्रेया युगदेखि नै रहेको देखिन आउँछ। यद्यपि लिखित अभिलेख आधार नभए पनि इतिहासको अध्ययनको एक भरपर्दो स्रोत वंशावली र पुराणलाई मान्नुपर्छ। यी आधारमा दुई छिमेकी देशबीचको सम्बन्ध त्यसबेला देखि रहेको मान्न सक्छौं।

स्वयम्भू पुराणमा काठमाडौं उपत्यकालाई नेपाल मण्डल भनिएको छ। यसै नेपाल मण्डल एक विशाल ताल बनेको थियो। स्वयम्भू पुराणमा मञ्जुश्रीलाई देवीको रूपमा लिएको छ। उत्तरबाट (चीन) मञ्जुश्रीले यसै उपत्यकाको दक्षिण भेग डाँडा काटेर पानी बाहिर पठाइन। त्यसछि मन्जुश्रीले नै यहाँ बस्ती बसाई फर्किइन्। श्रीपञ्चमी (सरस्वती पुजाको दिन) स्वयम्भूको पछाडिको सानो डाँडामा मेला नै लाग्छ। स्थानीयहरूले यसलाई मञ्जुश्री डाँडा भन्ने गर्छन्। त्यहाँ मञ्जुश्रीको प्रतिका रूपमा पाइतला छ। सरस्वतीको पूजाको दिन मञ्जुश्रीलाई देवीकै रूपमा पुजा गर्छन्। यसैगरी, भक्तपुरको कमल विनायकबाट उत्तरीतर्फ एक ली. टाढा रहेको डाँडामा श्रीपञ्चमीको दिन सरस्वतीलाई मञ्जुश्रीकै रूपमा पुजा गर्ने चलन अहिलेसम्म यथावत् छ। स्थानीयहरूले मञ्जुश्रीलाई 'ल्हा सापा' सरस्वती भनी पूजा गर्छन्। यस स्थानमा निकै टाढाबाट मञ्जुश्रीलाई सरस्वती देवीकै रूपमा पुजा गर्न आउँछन्। नेपाल भाषामा ल्हासा भनेको भोट वा तिब्बतलाई जनाउँछ।

## बुद्धभद्र र चीन

उत्तर छिमेकी भोट र चीनसँगको सम्बन्ध जोड्ने अर्को मुख्य माध्यम नै बौद्ध धर्म हो। चीनमा बुद्धधर्म संघको स्थापन्ना भएपछि विभिन्न धर्मग्रन्थ, संस्कृति तथा लिपीको अध्ययन गर्न चिनियाँ तीर्थ यात्रीहरू भारत हुँदै कपिलवस्तु र लुम्बिनी भ्रमण गरेका थिए। नेपाल र भारतमा बौद्ध धर्म तीर्थ गर्न, बौद्ध ग्रन्थको अध्ययन र संग्रह गर्ने आएका विद्वान्हरूले आफ्ना यात्रा वृत्तान्तमा नेपालको तत्काल समाज र प्राचीन अवस्था थाहा पाउन सक्छौँ (नेपाल, वि.सं. २०४०, पृ. १५५)। प्राचीन समयमा चिनियाँ तीर्थ यात्री मात्र होइन, नेपालबाट पनि चीनमा जाने गरेका थिए। नेपालबाट चीनमा बौद्ध धर्मको विकास गर्ने पहिलो व्यक्ति नै बुद्धभद्र हुन्। चीनका चर्चित तीर्थयात्री फाहियानले काश्मिरको एक विहारमा केही समय अध्ययन गरेका थिए। फाहियानले अध्ययन गरिरहेको विहारमै बद्ध जन्मेको कपिलवस्तुबाट बुद्धभद्र नामका एक भिक्षु पनि त्यहीँ नै थिए।

चिनियाँ यात्री पायोयुनको आग्रहमा बुद्धभद्रले चीनमा बौद्ध धर्मको प्रचारप्रसार र यसको बारेमा ज्ञान बाँड्न राजी भएका थिए। तीन वर्षको कठिन यात्रापछि बुद्धभद्र चीनमा पुग्न सफल भए (नेपाल, वि.सं. २०४३. पृ. ३३)। बुद्धभद्र सन् ४०८ मा पहिलोपटक चीनको चाङयान पुगेका थिए। तत्काल चाङयान चीनको राजधानी थियो। चीनमा पुगेपछि नेपालका बुद्धभद्रले त्यहाँ विभिन्न बौद्ध धर्मको ग्रन्थ अध्ययन गर्नुका साथै चिनियाँ भाषामा लेखिएका ग्रन्थहरूलाई संस्कृतमा अनुवाद गरे। उनले संस्कृत भाषाको माध्यमबाट चीनमा बुद्ध धर्मको प्रचार खुवै गरेका थिए।

बुद्धभद्रले चीनमा बौद्ध धर्म सम्बन्धी ज्ञान बाँड्नुलाई पहिलो प्राथमिकतामा राखेका थिए। साथै चिनियाँ भिक्षुहरूलाई मेडिटेसनको ज्ञान पनि दिए। उनले कुमाराजिवसँग मिलेर धेरै बौद्ध धर्मका ग्रन्थहरू अनुबाद गरेका थिए। उनले ५२ नयाँ चीनियाँ अक्षर प्राप्त लगाए। बुद्धभद्रउनले चिनियाँ भाषाबाट संस्कृतमा धेरै ग्रन्थ अनुवाद गरे पनि पाँच वटा मुख्य ग्रन्थहरू महासाघिक विनय, महापरिनिर्माण सुत्र, अमिता सुत्र, महावैपुलय बुद्ध अभतांसका सुत्र र महावैपुलय तथागतत सुत्र मुख्य हुन्। बुद्ध जन्मेको देशबाट आएका हुनाले बुद्धभद्रलाई चीनमा बुद्धकै सन्तानका रूपमा लिने गरेको देखिन्छ। नेपालबाट चीन पुगेर बुद्ध धर्म फैलाउने उनी पहिलो नेपाली व्यक्ति हुन् (Bajracharya, 1998 A.D. P. 67-68)। नेपालका बुद्धभद्रको माध्यमबाट चीनमा बुद्ध धर्म

प्रचारप्रसार भएको देखिन्छ । यसबाट के स्पष्ट हुन्छ भने तत्काल चीनमा बुद्ध धर्मको प्रभाव पर्नुमा नेपालको योगदान देखिन्छ ।

## चिनियाँ तीर्थ यात्रीको भ्रमण

भारतको प्रभावका कारण चीनमा बुद्ध धर्म फस्टाएको थियो । यही क्रममा चीनमा विहार स्थापन्न र बुद्ध धर्म सम्बन्धी शिक्षा दिन थालियो । बुद्ध धर्म बारे थप ज्ञान हासिल गर्न चिनियाँ भिक्षु तथा तीर्थ यात्रीहरू गौतम बुद्ध जन्मेको नेपालको लुम्बिनी र कपिलबस्तु आउने क्रम सुरू भएको थियो । चीनियाँ भिक्षा तथा तीर्थ यात्रीहरू सिल्करोड हुँदै यहाँ आएको देखिन्छ (नेपाल, वि.सं. २०७३. पृ. ३३) । सिद्धार्थ गौतमको समयमा कपिलवस्तु एक स्वतन्त्र गणतन्त्रात्मक राज्य थियो । संभवत क्षेत्र तत्कालिन नेपाल राज्यकै एक अंशको रूपमा रहेको विश्वास गरिन्छ । पृथ्वी नारायण शाहले एकिकरण गर्नुअघिसम्म नेपालमा धेरै राज्यहरू थिए । राजा पृथ्वीनारायण शाहको एकिकरण पश्चात वर्तमान नेपाल स्वरूप भएको हो । प्राचीन समयमा चिनियाँ तीर्थ यात्रीहरूको कपिलवस्तुमा आउने र जाने क्रम चलिरह्यो । चीनमा इ.पूर्व २१७ ताका नै बुद्ध धर्मको प्रभाव परेको विश्वास छ। चीनमा बुद्ध धर्म भित्रिनुमा भारत तथा पूर्वी तुर्किमिस्तानका घुमन्ते जातिहरूले इ.पूर्व पहिलो शताब्दीमै पुऱ्याएको मानिन्छ (वज्राचार्य, वि.सं. २०७६, पृ. ११२) ।

पहिलो शताब्दीमा चीनबाट एक सय ६९ चिनियाँ यात्रीहरूको एक टोली बुद्ध जन्मेको कपिलवस्तु तथा भारतका विभिन्न बौद्धस्थलहरूको भ्रमण गरेको थियो । सन् २०० मा ली ताओ युंग चिनियाँ यात्रुले लुम्बिनीको भ्रमण गरेका थिए । यसैगरी सुइ चिंग चु नामको एक चिनिया पाण्डु लिपीको आधारमा सेंग साइ सन् ३५० देखि ३७५ को अवधिमा लुम्बिनी पुगेको उल्लेख छ (बज्राचार्य, वि.सं २०७६, पृ. ११४) । चिनियाँ पाण्डुलिपी अनुसार मौर्य सम्राट अशोकले सिद्धार्थ गौत्तमको पद चिन्हलाई ढुंगाले छोपर सुरक्षित राखेको सुइले उल्लेख गरेका छन् । यसैगरी सन् ३८० तिर वाई यु चिन बुद्धको जन्म स्थल एक पटक पुग्नु पर्ने उद्देश्यका साथ लुम्बिनी आएका थिए । सन् ७६४ मा चिनिया यात्रीबु कुङ्गाले लुम्बनी भ्रमण गरेका थिए । सन् ७६४ मै अर्का चिनियाँ तीर्थयात्रु फांग कपिलबस्तुको वाटो प्रयोग गर्दै लुम्बिनी पुगेका थिए । यसैगरी नवौं शताब्दीको आसपासमा कि ये नामक चिनियाँ तीर्थ यात्री लुम्बनी पुगेका थिए । फाहियान र हयुयेन साङ लुम्बिनी र कपिलवस्तुमा आउने चिनियाँ तीर्थ यात्रीहरू मध्ये चर्चित मानिन्छन् ।

## फाहियान

बुद्ध जन्मेको स्थलमा विभिन्न कालमा चिनियाँ यात्रुहरूको आमगन देखिन्छ । यसमध्ये सवैभन्दा चर्चित चिनियाँ तीर्थ यात्री फाहियान नै हुन् । २० वर्षको उमेरमा उनी पूर्णरूपले भिक्षु बनिसकेका थिए । छोटोसमयमै फाहियान चिनियाँमा एक चर्चित भिक्षुका चर्चित भइसके । चीनमा प्राप्त त्रिपिटक बौद्ध ग्रन्थमा केही कमजोर महसुस गरी यसमा रहेको कमीकमजोर हटाउन उनी लुम्बिनी पुग्नु पर्ने भावनाका साथ यहाँ आए । फाहियानका यस यात्रामा चार जना साथीहरूले पनि साथ दिएका थिए (वज्राचार्य, वि.सं., २०७६, पृ. ११५) । चिनियाँ वंशावली अनुसार फाहियानले बुद्ध जन्मेको स्थल भ्रमण गर्न आउँदा यस स्थानलाई कपिलवस्तु वा कपिलापुर भनेका छन् ? तिब्बतीहरूको अनुसार यो क्षेत्र गंगा र रोहिणी नदि भन्दामाथिको भेगमा थियो । चिनियाँ वंशावलीमा कपिलवस्तु (कपिला) नेपालको दक्षिण-पश्चिम क्षेत्रमा थियो (Landress & Klaperth.

2000 A.D. P. 208-211) । चीनबाट भारतसम्म पुग्न फाहियानलाई सात महिना लागको थियो । यसक्रममा उनले ओइगुर्स, खोतान, कावुल, स्वाती भ्याली, गान्धार हुँदै भारतसम्मको यात्रा गरेका थिए । द पिल्ग्रिमज अफ फाहियानमा उनी तक्षसिला, मथुरा, कोसला हुँदै कपिलबस्तु पुगेको उल्लेख छ ।

फाहियान भिक्षु भएपछि धर्मरक्षक नामले प्रसिद्ध भए । फाहियान कमनमुनि बुद्धको जन्मस्थल निग्लिहवा हुँदै कपिलवस्तुमा पुगेका थिए । कपिलवस्तुमा पुग्दा त्यहाँ उजाड भएको फहियानले आफ्नो यात्रा विवरणमा उल्लेख गरेका छन् । उनले आफ्नो यात्रा स्मरणमा कपिलवस्तु पुग्दा केवल दश घर परिवार रहेको जनाएका छन् । कपिलवस्तुको भ्रमणपछि फाहियान लुम्बिनीतिर लागेको देखिन्छ (बज्राचार्य, वि.सं. २०७६, पृ. ११७) । लुम्बनीमा पुग्दा फाहियानले मायादेवीले सिद्धार्थ गौतमलाई जन्मु दिनुअघि नुहाएको कुण्ड, बृक्षको हाँगा समातेर बुद्धलाई जन्मदिएको उल्लेख गरेका छन् । बुद्ध जन्मेपछि सात पाइला हिडेको र नागराजाहरूले नवजात शिशुलाई नुहाउन इनार बनाएको फाहियानले आफ्नो यात्रा स्मरणमा उल्लेख गरेका छन् ।

फाहियानले अशोक स्तम्भ र मायादेवीको मूर्ति बारेमा भने केही पनि लेखेका छैनन् । संभवत फाहियान लुम्बनीमा पुग्दा अशोक स्तन्भ र मायादेवीको मूर्ति माटोले पुरिएको हुन सक्छ ? । यसै कारण कपिलबस्तु र लुम्बिनी बारेमा खुवै चर्चा गरेका फाहियानले यी दुवै पक्षलाई नदेखेका हुन सक्छन । लुम्बिनी भ्रमणपछि उनी बुद्धको अस्तु राखेको रामग्राम स्तुप दर्शन पुगेका थिए । फाहियानले लुम्बिनी र कपिलवस्तुमा मानिस बस्ती ज्यादै पातलो, यस क्षेत्र घना जंगल भएको साथसाथै जंगली हात्ति र अन्य जनावरको डर सधैं रहेको वर्णन गरेका छन् (वज्राचार्य, वि.सं. २०७६, पृ. ११८) ।

## हयुयेन साङ (च्वाँङ)

फाहियानपछि लुम्बिनी र बुद्धसँग सम्बन्धी रहेका अन्य क्षेत्रमा चिनियाँ तीर्थ यात्रीहरूको विभिन्न समयमा आगमन जारी नै रहेको थियो । फाहियानपछि चर्चित चिनियाँ यात्री हयुयेन साङले बुद्ध जन्मेको क्षेत्र भ्रमण गरेको देखिन्छ । नेपालको इतिहासमा पछिल्लो समय साङलाई च्वाँङ पनि लेख्न थालेको छ । यद्यपि च्वाँङ शब्द उचारण भए नेपाली इतिहासमा हयुयेन साङ नै बढी प्रचलित छ ।

चीनको प्राचीन धर्मको विश्वास राख्ने परिवारमा साङको जन्म भएको थियो । सन् ६०० मा जन्मिएका साङको निधन सन् ६६४ मा भयो । उनको अत्यष्टी चीनमा राजकीय सम्मानका साथ भएको थियो (वज्राचार्य, वि.सं. २०७६, पृ. ११९) । २० वर्षको उमेरमा बौद्ध विद्वान् भएका साङले चीनमा प्राप्त बौद्ध धर्मसँगका धेरै ग्रन्थमा धेरै असुद्ध देखे । ती ग्रन्थहरूमा देखिइएका अशुद्धी सच्याउनु पर्ने महसुस गरी साङले यसको थप अनुसन्धान तथा अध्ययन हुनुपर्ने निष्कर्ष निकाले । तत्कालिन राजाको आज्ञा विना नै उनी लुम्बिनी र कपिलवस्तु भ्रमणमा निस्किए । सन् ६३६ मा साङ श्रीवस्ती हुँदै कपिलवस्तुमा पुगेका देखिन्छन् । यहाँ पुग्नुअघि उनले काश्यप बुद्धको जन्मस्थल पनि भ्रमण गरे । ४००० लि परिधिको कपिलवस्तु राज्यमा दश भन्दा बढी उजाड नगर देखेको उनले आफ्नो यात्रा स्मरणमा लेखेका छन् । कपिलवस्तुको राजदरवार पोलिएको इट्टाले बनाएको र यसको परिधि १४-१५ ली रहेको थियो ।

साङ ककुच्छन्द्र बुद्धको जन्मस्थल, कनकमुनि बुद्धको परिनिर्वाण स्थल भ्रमण पछि सम्राट अशोकले राखेको स्तम्भ खण्डित अवस्थामा देखे । कपिलवस्तुको यात्रापछि उनी लुम्बिनीतिर लागे । जहाँ सिद्धार्थ गौतमको जन्म भएको थियो । लुम्बिनीमा मायादेवीले प्रसव पिडामा समातेको रूखको हाँगा, भखर जन्मेको बुद्धलाई नुहाउन तयार पारेको पोखरी र अशोको शिलास्तम्भ देखेको आफ्नो यात्रा विवरणमा उल्लेख गरेका छन् । साङले अशोकको सिलास्तम्भ बारेमा केही चर्चा गरेका छन् । तर साङले अशोक स्तम्भमात्र देखेको र यस ब्राह्मी लिपिमा कोपिएको अभिलेख भने केही उल्लेख गरेका छैनन् (वज्राचार्य, वि.सं. २०७६, पृ. १२५) ।

संभवत साङ पुगेको समयमा अशोक स्तम्भको लिपि खण्ड माटोले पुरिएको हुनु पर्छ । लुम्बिनीपछि सारनाथ, वैशाली हुँदै हयुयेन साङ नेपाल उपत्यका भित्र प्रवेश गरेको देखिन्छ । साङले आफ्नो यात्रा विवरणमा काठमाडौं २० लि बराबर क्षेत्रफलमा फैलिएको र यहाँ कृषि उत्पादन नै मुख्य रहेको बताएका छन् । तत्काल काठमाडौंमा दुई हजार बौद्ध भिक्षुहरू, धेरै विहार र मन्दिर देखेको आफ्नो यात्रा विवरणमा लेखेका छन् (वज्राचार्य, वि.सं. २०७६, पृ. १२५) ।  साङले आफनो यात्रा स्मरणमा नेपाल उपत्यकामा पुग्दा लिच्छवी राजाको बारेमा उल्लेख गरेका छन् । उनले आफनो यात्रा वृतान्तमा यस्तो भनेका छन् :-

“नेपाल मण्डलका एक प्रतापी राजा (अंशुवर्मा) को निधन भएको थियो । यी राजाको प्रताप र प्रतिभा देशमा मात्र नभएर विदेशमा समेत चर्चा थियो । यी राजाले विद्वान्को आदर गर्थे । उहाँ स्वय आफैमा विद्वान् हुनुहुन्थ्यो । यिनले शब्दशास्त्रमा एउटा राम्रो पुस्तक रचना गर्नु भएको थियो” (रेग्मी, वि.सं. २०५३, पृ. ११६)

साङ नेपाल, तिब्बत तथा चीनबीच बुद्ध धर्मको विकास भएको चर्चा गरेका छन् । उनका अनुसार त्यसबेला धर्म, संस्कृति, व्यापार तथा आदिमा त्रिपक्षीय सहयोग थियो । साङले आफ्नो यात्रा स्मरणमा नेपाल मण्डलका राजा नरेन्द्रदेवले कानमा सुनको रिङ लगाउने, शरीरमा बहुमुल्य गहना तथा रत्नले भरिएको वेल्ट धारणा गरेको लेखेका छन् । हयुयेन साङले आफ्नो यात्रा विवरणमा नेपाल मण्डलमा महायान र हिनयान धर्म पालना गर्ने दुई हजार व्यक्ति रहेको जनाएका छन् । यहाँका राजा क्षेत्रिय र बौद्ध धर्ममा विश्वास गर्ने साङले उल्लेख गरेका छन् (लेभी, सन् २०२०, पृ. ९८) । नेपालमा अभिलेख राख्ने अघिसम्मको इतिहासमा चिनियाँ तीर्थयात्रीहरूको यात्रा स्मरणबाट नेपाल र चीनसम्बन्ध कस्तो थियो भन्ने बुझ्न सकिन्छ । कपिलवस्तु र लुम्बनीमा धेरै चिनियाँ यात्री विभिन्न समयम आएका देखिन्छन् । तर फाहियान र हुयेयन साङ बाहेक अन्य कसैले पनि भौगोलिक तथा वैज्ञानिक आधारमा तत्काल कपिलवस्तु र लुम्बिनी बारे विश्लेषण गरेका छैनन् । उनीहरूको यही यात्रा विवरणबाट हामी बुद्ध जन्मेको स्थल बारे तत्काल अवस्था थाहा पाउन सक्छौं ।

## राजनीति सम्बन्ध

पौराणिक वा त्रेता युगदेखि नै नेपालको चीन र भोटसँगको सम्बन्ध देखिन्छ । नेपालमा अभिलेख राख्ने इतिहास सुरू हुनुभन्दा अगाडि पनि नेपालको छिमेकी देशसँग विभिन्न रूपमा थियो । चिनियाँ बौद्ध तीर्थ यात्रीहरूले कपिलवस्तु र लुम्बिनीको भ्रमण गरी तत्कालसमयमा बुद्ध जन्मेको स्थलको वस्तु अवस्था जानकारी पाउने प्रमुख स्रोत र आधार बनेको छ । चिनियाँ वा भोटका तीर्थ यात्रीबाहेक नेपालबाट बुद्धभद्र जस्ता विद्वान् चीनमा पुगेर बुद्ध धर्मको प्रचार-प्रसार गर्ने कार्यले नेपालको उत्तरी छिमेकीसँगको सम्बन्ध एकेडेमिक रूपमा

रहेको देखिन्छ। यसका साथ हामी छिमेकी देशसँग राजनीतिक रूपमा पनि प्राचीन समयमा पनि सम्बन्ध प्रकाढ भएको पाउन सक्छौं ।

## मानदेव

सूर्यवंशीको प्रभावले वैशालीबाट आएका लिच्छवीहरूले किरातीहरूलाई हराएर लिच्छवी शासन गरेको गोपालराज वंशावलीको १९ पत्रमा भनिएको छ (Vajracharya & Mall. 1985 A.D. p. 75)। विदेशी विद्वान् मेरी श्लसरले सन् ३०० देखि ८७९ सम्म लिच्छवीहरूले शासन गरेको बताएकी छिन् (Slusser, 1982 A.D, p. 21)। लिच्छवीकाल समयदेखि नेपालको उत्तरी छिमेकी देशसँगको सम्बन्ध प्रामाणिक रूपमा पाउन सकिने आधार छ। मानदेवले चाँगु नारायण अगाडि विजयी स्तभ्म अभिलेख राखेपछि नेपालमा प्रमाणित इतिहास पत्ता लागेको हो। गण्डकी पारी मल्लपुरीहरूलाई हराएपछि मानदेवले विजयी उत्सव गरी यो अभिलेख राखेका हुन्। वास्तवमा मानदेव अघिसम्म पनि प्रमाणिक आधारमा नेपालको भोट र चीनसँगको सम्बन्ध बारे जानकारी केवल चिनिया वंशावली तथा तीर्थ यात्रुहरूको यात्रा स्मरण मात्र थियो। अभिलेख राख्ने सुरूवात भएपछि विस्तारै नेपालको छिमेकी देशसँग कुन समयमा कस्तो व्यवहार र सम्बन्ध रहेको स्पष्ट भएको हो।

मानदेवले आफ्ना कुनै पनि अभिलेखमा दक्षिण र उत्तरी छिमेकी देशसँगको सम्बन्ध बारे चर्चा नै गरेनन्। तर, मञ्जुश्रीमुलकल्प र भोट वंशावलीमा भने मानदेवलाई एक सिद्ध पुरूषका रूपमा ब्याख्या गरिएको छ। मानदेव बौद्ध धर्मप्रति ज्यादै श्रद्धाभक्ति राख्ने व्यक्तित्व भएका कारण नै उनलाई मञ्जुश्रीमुलकल्प र भोट वंशावलीमा एक सिद्ध पुरूषका रूपमा प्रशंसा भएको हो (नेपाल, वि.सं. २०७३, पृ. ३४)। मानदेवले छिमेकी देशबारे केही प्रशंग उठान नगरे पछि उनै चिनियाँ वंशावलीमा भने उनलाई खुवै प्रशंसा गरेको आधारले पनि नेपाल, भोट र चीनबीचको सम्बन्ध विकास भइसकेको देखाउँछ।

## अंशुवर्मा

मानदेवपछि अंशुवर्माबीचको समय अवधिमा नेपाल र उत्तरी छिमेकी चीनबीच केही पनि आधिकारिक रूपमा चर्चा भएको विवरण प्राप्त छैन। अंशुवर्माको निधन भएको १७ वर्षपछि चिनियाँ चर्चित तीर्थ यात्री हयुयेन साङले नेपालमा एक प्रतापी राजा (अशुंवर्मा) को हालै केही वर्षअघि निधन भएको उल्लेख गरेका छन्। साङको नेपाल उपत्यका आगमन समयमा तत्काल गुप्त र आभिरहरूले सयुक्त शासन चलाइरहेका थिए। तर साङले केवल १७ वर्षअघि निधन भइसकेका राजा अशुंबर्माको मात्र चर्चा गरे। अशुंबर्मा एक प्रतापी राजा भए पनि उनले आफूलाई कहिले लिच्छवी कुलको दावी गरेनन् ९क्ष्गिककभच, ज्ञढडद्द बम, उ। द्दछ० । अशंशुवर्माको समयमा चीनमा ताङ्ग वंश राज्य थियो।

अंशुवर्माकै समयमै पहिलोपटक नेपाल र भोट (तिब्बत) बीच दौत्य सम्बन्ध कायम भयो। तिब्बती अमात्य थोन मिको नेतृत्वमा १६ सदस्यीय एक टोली शैक्षिक अध्ययन गर्न नेपालको वाटो प्रयोग गरी भारत पुगेको थियो। यो टोलीले भारतमा केही महिना वितायो। यस क्रममा भारतमा अध्ययन गर्न पुगेको टोलीले त्यहाँ लिपी र संस्कृत भाषाको अध्ययन गरेको थियो। यो टाली नेपालको वाटो पुनः प्रयोग गर्दै भोट फर्कियो (केसी, वि.सं. २०४६. पृ. ६-७)। अंशुवर्माको समयदेखि नै भारतका बौद्ध भिक्षु र व्यापारीहरूले पनि नेपाल हुँदै

चीन पुगेका थिए । यसैगरी चीनले पनि भारत पुग्न नेपालकै वाटो प्रयोगमा ल्यायो । यसअघि सम्म तिब्बती तथा चिनियाँ तीर्थ यात्रीहरूले अफगानिस्तान हुँदै भारत पुग्ने गरेका थिए । तर अंशुवर्माको समयमै चीनले भारतसम्म र भारतले चीनसम्म पुग्न नेपाल मण्डललाई वाटोका प्रयोग गरेसँगै यो समयमा नेपालको सम्बन्ध उत्तरी र दक्षिणसँग निकै राम्रो भएको स्पष्ट हुन्छ । अंशुवर्माको समयमा दक्षिण छिमेकी भारतमा शक्तिशाली राजा हर्षवर्द्धन थिए । हर्षवर्द्धन आफ्नो राज्य विस्तार गर्ने

क्रममा अगाडि बढि रहेका थिए । अंशुबर्माले आफ्नो राज्यमात्र नभएर नेपालको अस्तित्व समेत रक्षा गर्न हर्षवर्द्धनसँग राम्रो सम्बन्ध विकास गर्न सफल भए । अंशुवमाको चतुऱ्याई वैदेसिक रणनीतिका कारण नै हर्षवर्द्धनले नेपालमा हमला गर्न सही ठानेनन् । यसबाट के स्पष्ट हुन्छ भने अंशुवर्माले उत्तरी र दक्षिण छिमकीसँग प्रकाढ सम्बन्ध राख्दै नेपाललाई विदेशी आक्रामणबाट सुरक्षित राखेका थिए (आचार्य, वि.सं. २०६०, पृ. १२१-१२४) । स्वयम हर्षवर्द्धन राजा एक बौद्ध धर्मप्रति आस्था राख्ने व्यक्ति थिए । उनले नेपाल र र भोटसँग दौत्य सम्बन्ध राखेको पनि देखिन्छन ।

## नरेन्द्र देव

अंशुवर्मापछि उत्तरी छिमेकीसँगको सम्बन्ध उदय देवपछि मात्र पाउन सक्छौं । अंशुवर्मा देखि उदय दे वसम्म उत्तरी छिमेकीसँग के-कस्तो सम्बन्ध रहयो भन्ने बारे कुनै पनि विद्वान्हरूले उल्लेख गरेका छैनन् । सातौ ँ शताब्दी ताका भोटले नेपालका राजपरिवारलाई सरण दिएको र सैनिक सहयोगसमेत गरी सत्ता फर्काउने कार्यमा सहयोग गरेको देखिन्छ । विभिन्न विद्वान्हरूले उदय देवका छोरा नरेन्द्र देवको समयमा नेपाल, भोट र चीनबीचको सम्बन्धलाई ऐतिहासिक रूपमा लिएका छन् । अंशुवर्माले शिवदेवका छोरा उदय देवलाई नै र ाजगद्दीको उत्तराधिकारी घोषणा गरिसकेका थिए । अंशुवर्माको निधनपछि उदय देव गद्दीमा बसे । तर उदय देव निकै कमजोर भएका कारण नै गुप्तहरू राजाको त्यही कमजोरी फाइदा पुनः एकपटक सत्ता भनौं वा शक्तिमा आउन चलायमान भयो । गुप्तहरूको शक्ति अगाडि उदय देवको केही चलेन । उनले परिवारसहित तिब्बतसँग राजनीतिक सरण लिए (सुबेदी, वि.सं. २०७८, पृ. ६३) । भनिन्छ उदय देवको निधन तिब्बतमै भएको थियो । तर आधिकारिक रूपमा उदय देवको मृत्य कहाँ भएको भन्ने एक मत छैन ।

कसैले उनी भोट जाने क्रममा बीच बाटो मै निधन भएको मानेका छन् । केही इतिहासकारका अनुसार उदय देवले आफ्नो अन्तिम सास भोट (तिब्बत) मा लिएका थिए । नेपालमा भने गुप्तले शक्तिशाली शासन गरिरहेको थियो । विष्णु गुप्त र भीमार्जुन देवले संयुक्त शासन गरिरहेको बेलामा तिब्बतमा नरेन्द्र देव आफ्नो पुस्तानी सत्ता फिर्ता लिन योजना बनाइरहेका थिए । चिनियाँ ताङ वृतान्त अनुसार नरेन्द्र देवले तिब्बती सैनिकको सहयोगमा विष्णु र भीमार्जुन देवलाई हटाएर राज्य प्राप्त गर्न सफल भए । नरेन्द्र देव वि.सं ६९९ मा नेपालका राजा बने । नरेन्द्र देवले सत्ता फिर्ता लिन ठूलै प्रयास र युद्धसमेत गर्नु परेको भाव पाटनको भंसार चोकमा रहेको अभिलेखमा वर्णन भएको देखिन्छ (बज्राचार्य वि.सं. २०३०, पृ. ४६०) । नरेन्द्र देवले ३६ वर्षजति शासन गरे । तिब्बतको सहयोगमा राज्य प्राप्त गरेका कारण नै नरेन्द्र देव दक्षिण छिमेकी भन्दा उत्तरी छिमेकीतर्फ बढी धल्केको देखिन्छ । नेपालको इतिहासमा नरेन्द्र देवको अवधिमा तिब्बत र चीनबीच सम्पर्क पनि महत्त्वपूर्ण हुँदै गयो । विशाल चीनले भोट र नेपालको वाटो हुँदै दक्षिणको भारतसम्म पुग्ने रणनीति बनाएको थियो ।

वि.सं. ६९९ ताका चीन सम्राटका राजदूत लि यी पियाओ काठमाडौं भएर उत्तर भारतर्फ जाने क्रममा नरेन्द्र देवले उनलाई भव्य स्वागत गरेका थिए (रेग्मी, वि.सं. २०५३, पृ. १७३) । यसैगरी वि.सं. ७०३ मा वान हुयेन शेको नेतृत्वमा अर्को चिनियाँ दूतमण्डल पनि काठमाडौंको वाटा प्रयोग गरी भारतका राजा हर्षवर्द्धनलाई भेट्न पुगेको थियो । तर यो टोली भारतमा पुग्नु अघि नै हर्षवर्द्धनको निधन भयो । हर्षवर्द्धनका मन्त्री (सामन्त) ? अरूणाश्वले ती चिनियाँ दूतमण्डलमाथि अभद्र व्यवहार गरे । । वान हुयेनको टोली आफ्नो सुरक्षा गर्न नेपालको सरणमा आएको थियो । नरेन्द्रदेवले एक असर छिमेकीको नाताले भारतमा आक्रामण गर्न सात हजार घोडचढी सैनिक सहयोग वान हुयेनलाई वाङ हुयनलाई दिए । चिनियाँ र नेपाली सैनिकको विशाल सैन्य बलको सहयोगमा वाङ ह्यनले अरूणाश्वलाई पराजित गरी चीन पुऱ्याए (रेग्मी, वि.सं. २०५३, पृ. १७३) ।

नरेन्द्रदेवले आफ्ना सहयोगी शक्तिशाली उत्तरी छिमेकीलाई सहयोग गरेको देखिन्छ । चीन र तिब्बतसँग सम्बन्ध अझ राम्रो बनाउन नरेन्द्र देवले वि.सं. ७०७ मा नेपालबाट एक दूत मण्डली त्यसतर्फ पठाएका थिए । नरेन्द्र देवले तिब्बत र चीनसँगको घनिष्ठ सम्पर्क बढाएर आफ्नो रानीतिकलाई नयाँ आयम थप्ने काम गरेको देखिन्छ ।

## भृकुटी

भृकुटी नेपालकै राजकुमारी भए पनि तत्कालिन समयको कुनै पनि अभिलेखमा चर्चा नहुनु दुखद् पक्ष हो । चिनियाँ र भोट स्रोतको आधारमा मात्र भृकुटीको बारेमा थाहा पाउँछ । भृकुटीको बारेमा स्वदेशी तथा विदेशी विद्वान्हरूले थुपै अनुसन्धानत्मक लेख रचनाआदि लेखेका छन् । तर लिच्छवी कालको एक ऐतिहासिक पात्र भृकुटी बारे अहिलेसम्म एक रूपता, निस्कर्ष तथा मत बारेमा निस्कर्ष निस्किएको छैन । फरक-फरक विद्वान्हरूले भृकुटी अंशुबर्मा तथा उदय देवकी छोरी भनी दावी गरेका छन् । कोही विद्वान्हरूले भृकुटीलाई अंशुबर्माकी कान्छी छोरी र शिवदेवकी छोरी भनेका छन् (सुवेदी, वि.सं. २०७८, पृ. ६५) ।

तर अहिलेसम्म चिनियाँ स्रोत तथा वृतान्तमा अंशुबर्माको छोरी भनी उल्लेख नै छैन । भृकुटी कसकी छोरी भन्ने विवाद रहे पनि उनको विवाह भोटका राजा स्रङचङ गम्पोसँग विवाह भएको सत्य हो । चिनियाँ जनश्रुती अनुसार स्रङचङ नेपालमा एक जना गोम्पा नाम भएका एक राजाकी छोरी कोङ्जोसँग विवाह भएको थियो (आचार्य, वि.सं. २०६०, पृ. १२४) । कोङजो (भृकूटी) सँगको विवाह भएको अर्को वर्ष नै स्रङचङ गम्पोले चिनियाँ राजकुमारी वेचिङसँग विवाह गरे । इत्सिङले लेखेको चीनको ताङवृत्तान्तमा तिब्बतका राजा स्रङचङ गम्पोले नेपालका राजा अंशुबर्माकी १६ वर्षकी छोरीसँग विवाह गर्न तीन वटा प्रस्ताव पठाएका थिए । तर नेपालका राजाले त्यसलाई स्विकार गरेनन् । यद्यपि प्रस्ताव अस्विकार भए पनि नेपालकी राजकुमारीले दाइजो स्वरूप तीन वटा मैत्रेय बुद्ध सम्बन्धी तिब्बतमा लगेकी थिइन् ।

नेपालकी राजकुमारीले अक्षोभ्य बुद्ध, मैत्रेय तथा तार आफ्नो साथमा लगिन् (सुवेदी, वि.सं. २०७८, पृ. ६४-६५) । तिब्बत स्रङचङ गम्पोलाई अवलोकितेश्वर र भृकुटीलाई आर्यताराकी देवी रूपमा पूजा गर्दै आइरहेको छ (नेपाल, वि.सं. २०४५, पृ. १) । तिब्बतको सवैभन्दा पवित्र मानिएको ग्रन्थ मणिका बुम हो । यसमा पनि स्रङचङ गम्पो र भृकुटीबीचको विवाह प्रसंग उल्लेख छ । अंशुवर्मा र भृकुटीबीचको समय अन्तर देखिन्छ । हयुयेन साङले आफ्नो यात्रा वृतान्तमा १७ वर्षअघि अंशुबर्माको निधन भएको उल्लेख गरेका छन् । भारत र

लुम्बिनीको भ्रमणपछि वि.सं. ६८५ मा हयुयेन साङ तिब्बत पुगेका थिए । तिब्बतमा स्रङचङ गम्पोले वि.सं. ६८६-७०७ सम्म राज्य गरेका थिए । वि.सं. ६७७ पछि अंशुबर्माले राज्य गरेको देखिँदैन । वि.सं. ६९८ मा भृकुटी र स्रङचङ गम्पो वैवाहिक वन्धनमा बाँधिएका थिए (प्रधान, वि.सं. २०५५, पृ. २-३) ।

अर्को पक्षले विश्लेषण गर्दा लिच्छवी समयमा धेरै अभिलेख राख्ने राजामा अंशुवर्मा पनि पर्छन् । अंशुवर्माको शासनकालमा भएका धेरै कुराहरू उनका अभिलेखमा भेटिन्छन् । तर, भृकुटी छोरी वा उनको विवाह भोटका राजासँग भएको कुनै पनि अभिलेखमा उल्लखे छैन । भृकुटी छोरी हुँदो हो भने अंशुवर्माले निश्चित रूपमै आफ्नो अभिलेखमा उल्लेख गर्नुपर्ने थियो ? । यसैगरी तिब्बतको केही वंशावलीमा भृकुटीका बुबाको नाम 'होसेरगोचा' भनिएको छ । तिब्बती भाषामा होसेरगोचाको अर्थ ज्योर्तिवर्मा हो । यसको सुक्ष्म रूपमा अध्ययन गर्दा होसेरको अर्थ किरण तथा गोचालाई कवच भनिन्छ । इतिहासकारहरूले होचेरगोचालाई किरण वर्मा अर्थ लगाएका छन् । तर नेपालको लिच्छविकालीन इतिहासमा ज्योर्तिवर्मा वा किरण वर्मा नै छैनन् । दुवै नामधारी राजा नभएका कारण नै किरण र ज्योर्ति वर्माकी छोरी भृकुटी हुन सक्दैनन् (नेपाल, वि.सं. २०४५, पृ. ४) । अर्को थरी विद्वान्हरूले होसेरगोचाको अर्थ उदय, प्रकास वा किरण उठाउने अर्थ्याएका छन् । उदय, किरण वा प्रकासलाई तत्काल नरेन्द्रदेवका पिता उदय देवलाई मान्न सकिने मत विद्वान्हरूले राखेका छन् । सङचङ गम्पोले शासन गरेको अवधिमा नेपालका निर्वासित राजा उदयदेव तिब्बतमा राजनीतिक शरणमा लिएर बसेका थिए । होसेरगोचाको अर्थ उदय लगाउँदा संभवत उदयदेव नै भृकुटीकी पिता हुन सक्ने आधार खडा हुन्छ । यसैगरी केही विद्वान्हरूले तिब्बती भाषामा भृकुटीलाई ठ्रिचुङलाची भनेका पाइन्छन् । ठ्रिचुङलाचीलाई शिवदेवकी छोरी भनिएको छ ।

तर सङचङ गम्पो र उदय देवको कालक्रम मिल्ने हुनाले संभवत भृकुटी उदयदेवकै छोरी हनु सक्छ ? (सुवेदी, वि.सं. २०७८, पृ. ६५-६६) । भृकुटीकी पिता रहस्यमयी र विवादास्पद भए पनि उनले तिब्बतमा बौद्धधर्म प्रचारप्रसारमा ठूलो योगदान गरिन् । नेपाल र चीन राजकुमारीहरूले तिब्बतमा बौद्धधर्मको प्रवेश गराउने तथा अनेक किसिमले तिब्बतको विकास गरेको कथन तिब्बती आख्यानहरूमा छ । ऐतिहासिक आख्यानहरूमा भृकुटीलाई एक देवी व्यक्तित्वको रूपमा रहेको छ । भृकुटीलाई तिब्बतमा ऐतिहासिक व्यक्तित्वका रूपमा लिएको देखिन्छ (रेग्मी वि.सं. २०५३, पृ. १२३) ।

## आर्थिक

लिच्छविहरूको नेपाल आगमनअघि नै ई.पू. ३०० तर यहाँको कम्बल र राडीपाखी भारतको पाटलीपुत्र (हाल पटना) को बजारसम्म पुगेको थियो । कौटिल्यको अर्थशास्त्रमा समेत नेपालमा उनबाट बनेको कपडा ज्यादै राम्रो भएको उल्लख छ । यसबाट के स्पष्ट हुन्छ भने किरात समयमै नै नेपालले छिमेकी देशसँग व्यापार स्थापित गरिसकेको थियो । चीनको ताङ बृत्तान्तमा नेपालमा कृषक भन्दा व्यापारी धेरै थियो ? ताङ वृत्तान्तकै आधार मान्दा लिच्छवि समयमा यहाँ बसोवास गर्ने जनता व्यापारमै केन्द्रित थियो । त्यसबेला ब्यापार गर्ने समूहगत रूपमा हुन्थ्यो । नेपालको ब्यापार भारत र चीनसँग थियो । लिच्छविकालमा नेपाल ब्यापारको प्रमुख केन्द्रको रूपमा थियो ।

अंशुवर्मा र नरेन्द्र देवले तिब्बत र चीनसँगको सम्बन्ध राम्रो बनाएपछि उत्तरी क्षेत्रका व्यापारीहरूले नेपालकै बाटो हुँदै भारतसम्म व्यापार गर्न जान्थे । भारतीय व्यापारीले पनि नेपालकै सहज वाटो रोजेर तिब्बत तिर व्यापार गर्थे । यसबाट नेपाललाई आर्थिक फाइदा हुन्थ्यो । त्यसबेला समूहगत व्यापार गर्नेलाई सार्थ भनिन्थ्यो । व्यापारीहरूको नाइकेलाई सार्थवाह भनिन्थ्यो । लिच्छवि कालमा नेपालमा धेरै तामाको खानी थियो । तसर्थ तामाका भाँडा कमाउने, तामाका टक मार्ने टंकशाला भएर ताम्रकुटशाला भन्ने वस्ती नै बसेको थियो । चीनको ताङ वृत्तान्तमा पनि नेपालमा धेरै तामाको काम हुने लेखिएको छ (नेपाल, वि.सं. २०७३, पृ. ७२) । संभवन नेपालमा तामाबाट बनेको भाँडाकुँडा चीनसम्म पनि पुगेको हुनुपर्छ । नेपालको आन्तरिक व्यापारमा नून र अन्नको महत्त्वपूर्ण स्थान ओगटेको छ । त्यसबेला यसको महत्त्व ज्यादै थियो । नेपालबाट च्यूरा, चामल लिएर भोटको सिमानाका बजारमा गई नून साटेर ल्याउने चलन थियो । यसबाहेक जडीबुटी, औषधि, तास, कुचिन, घोडा, भेडा च्याङग्रा, सुन, चाँदी, मुगा, रत्न आदि भोट र चीनबाट नेपालमा पैठारी हुन्थ्यो ।

तिब्बतबाट नेपालमा घोडा ल्याउने गरिन्थ्यो । नेपाल पहाडी क्षेत्र भएकाले घोडचढी फौज राखिन्थ्यो । नेपालबाट भाँडावर्तन, कपडा, चिनी, मसला, सूर्ति, तमाखुँ, खोर्सानी, अदुवा आदि उत्तरी छिमेकी देशमा जान्थ्यो । लगन टोलको शिवदेव सवत् ११९ मा 'अस्मिन ग्रहारे भोट्ट विष्टी हतो प्रतिवर्ष भारिक पञ्च व्यावसायिं' शब्द परेको छ । भोट र पञ्चलाई विभिन्न विद्वान्हरूले आफनै किसिमले विश्लेषण गरेका छन् । लिच्छिवीकालका अभिलेखका ग्रन्थकार धनवज्र वज्रचार्यले भोटम व्यापार गर्दा अनिवार्य पाँच जना भरिया पठाउनु पर्ने विश्लेषण गरेका छन् (वज्राचार्य, वि.सं. २०३०, पृ. ५१७-५१८) । चिनियाँ ताङ बृत्तान्त र नेपालमा प्राप्त अभिलेख आधारमा नेपाल र उत्तरी छिमेकी देशबीच लिच्छविकालीन समय व्यापारिक सम्बन्ध राम्रो रहेको स्पष्ट हुन्छ ।

## निस्कर्ष र छलफल

अध्ययन र अनुसन्धानले एउटा पक्ष स्पष्ट गर्छ । नेपालको भोट (तिब्बत) र चीनसँगको सम्बन्ध अहिले मात्र सुदृढ होइन । हिमाल पारीको छिमेकी देशसँग पौराणिक काल देखि नै सम्बन्ध रहेको देखिन्छ । विदेशी इतिहासकारले यो सम्बन्ध त्रेतायुग देखि भएको मान्छन् । बौद्ध र हिन्दु धर्मको किंवदन्ती अनुसार नै भोट वा चीनसँगको सम्बन्ध गाँसेको देखिन्छ । तर लिखित कागजपत्र तथा अभिलेख आधारमा भने हामीले पाँचौं शताब्दी पछि मात्र सम्बन्ध भेटछौं ।

लिच्छवि काल भन्दा अघिको सम्बन्धी बारेमा किंवदन्ती, पौराणिक, जनश्रुती र चिनियाँ तीर्थ यात्रीहरूले आफनो यात्रा स्मरणमा उल्लेख गरेको आधारमै निर्भर हुनु परेको छ । वास्तवमा छिमेकी देशसँगको सम्बन्ध राजनीति, व्यापारी, धार्मिक तथा अन्य गतिविधिले पनि प्रकाढ रहेको छ । चिनिया बुद्ध धर्म प्रचार गर्ने पहिलो नेपाली नै बुद्धभद्र हुन् । बुद्धभद्रले भोटमा धेरै बुद्धधर्म सम्बन्धी गन्थहरूको अध्ययन गर् । बुद्धभद्रले तिब्वती भाषाबाट संस्कृत भाषामा पाँच वटा बुद्ध सम्बन्धी ग्रन्थ अनुवाद गरी हिमालीहरूलाई गुण लगाए । यसै कारण नै उनलाई उत्तरी छिमेकी नागरिकाहरूले बुद्धभद्रलाई बुद्धका सन्तानका रूपमा लिने गर्छन् ।

मानदेवले अभिलेख राख्न राखेपछि नेपालको इतिहासमा प्रामाणिक आधारमा अध्ययन हुन थालेको हो । तिब्बत र चीनसँगको सम्बन्ध पनि अभिलेख आधारमै पाँचौं शताब्दी पछि नै भएको देखिन्छ । नेपाल र चीनसँग सम्बन्ध भएको ऐतिहासिक पात्रहरूको चिनियाँ बृत्तान्तमा धेरै चर्चा गरिएको छ । तर विडम्बना नै भन्नुपर्छ,

नेपालका कुनै पनि अभिलेखमा यसको चर्चा नै छैन । भोट तथा नेपालको इतिहासकै एक महत्त्वपूर्ण व्यक्तित्वको रूपमा रहेको भृकुटीको सम्बन्धमा यहाँ कुनै पनि अभिलेख नै छैन ।

यद्यपि नरेन्द्र देवले धेरै अभिलेख राखे पनि भृकुटी बारेमा एक शब्द पनि उल्लेख गरको छैनन् । भृकुटी र स्रङचङ गम्पोको विवाहको सम्बन्ध नरेन्द्र देवले शासन गरेको समय नै मानिन्छ । भृकुटी बारे जति पनि चर्चा छ । त्यो सवै चीनमा रहेको वंशावली आधारमै सुन्न र लेख्न पाइरहेका छौ । यस बारेमा स्पष्ट हुन छिमेकी देशमा पुगेर यसको अध्ययन गर्नुपर्ने आवश्यकता देखिन्छ । विदेशी र चिनियाँ यात्रीहरूको वर्णनको भरमै हामीले भोट (तिब्वत) र चीनसँगको प्राचीन समयको सम्बन्ध पढनु परेको छ । नेपालको राजपरिवारलाई नै सरणार्थी रूपमा सहयोग दिने छिमेकी भोट (तिब्वत) बारेमा तत्काल नेपालका अभिलेख उल्लेख नहुनु दुखद पक्ष हो । मानदेव र अंशुवर्माले विभिन्न क्षेत्रमा अभिलेख राखेका छन । तर यी दुवै लिच्छविका कालका प्रख्यात राजाले किन उत्तरी छिमेकी देशसँगको सम्बन्ध देखाउने वर्णन युक्त अभिलेख राखेनन एउछा प्रश्न छ ।

हामीसँग जति पनि प्राप्त स्रोतहरू छन् । हामी एउटा पक्ष स्पष्ट हुनुपर्छ । नेपाल, भोट (तिब्बत) र चीनबीचको सम्बन्ध सवै क्षेत्रमा राम्रो नै थियो । चाहे त्यो नेपालका राजा संकट परेको बेलामा सरणार्थीका रूपमा प्रवेश दिने किन नहोस । भारतले अपमान गरेको बेलामा चिनियाँ दूत मण्डललाई सात हजार घोड सैनिक उपलब्ध गराउने सैनिक नीतिले पनि नेपाल र चनिसँगको सम्बन्ध कस्तो थियो भन्ने स्पष्ट पार्छ । तर, यतिले मात्र यसको अध्ययन र अनुसन्धान पुरक हुँदैन । यस बारेमा अझ पनि बृहत रूपमा अनुसन्धान र भइरहनु पर्छ । जसले नेपाल भोट (तिब्बत) र चीनसँगको सम्बन्ध बारे अझै इतिहासका पानामा लुकेका पक्षहरू बाहिर आउन सक्छ ।

## सन्दर्भ सामग्रीसूची


आचार्य, बाबुराम (वि.सं. २०६३, *नेपालको संक्षिप्त वृतान्त,* श्रीकृष्ण आचार्य ।

“ (वि.सं. २०६०), *नेपालको प्राचीन इतिहास,* नेशनल बुक सेन्टर ।

केसी, सुरेन्द्र (वि.सं. २०४६), *नेपालको कुटनीतिक इतिहास,* सविता प्रकासन ।

नेपाल, ज्ञानमणि (वि.सं. २०४५), *नेपाल भोटचीन सम्बन्धका केही साँस्कृतिक पक्ष,* (पहिलो संस्करण), नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

“ (वि.सं. २०७३), *नेपाल र चीन-तिब्बत सम्बन्ध समीक्षात्मक इतिहास,* (पहिलो संस्करण), भृकुटी एकेडेमी पब्लिकेसन्स ।

“ (वि.सं. २०४५), *नेपाल निरूक्त,* दोस्रो संस्करण, साझा भण्डार ।

प्रधान, भूवनलाल (वि.सं. २०५५), *नेपालको इतिहास र केही संस्कृतिक पक्ष,* नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

वज्राचार्य, धनबज्र (वि.सं. २०३०), *लिच्छविकालका अभिलेख,* सिनास, त्रि.वि. ।

वज्राचार्य, गौतमवीर (वि.सं. २०७६), *लुम्बिनी हिद बुधे जाते सक्य मुनि-ति,* तारादेवी बज्राचार्य ।

रेग्मी, जगदिशचन्द्र (वि.सं. २०५३), *लिच्छवि-इतिहास,* सिनास, त्रि.वि ।

लेभी, सिल्भाँ (इ.सं २०२०), *नेपाल (हिन्दू अधिराज्य इतिहासको) पहिलो खण्ड),* हिमाल किताव ।

पाण्डे, रामनिवास र रेग्मी जेसी (वि.सं. २०५४), *नेपालको पौराणिक इतिहास,* सिनास, त्रि.वि ।

सुवेदी, राजाराम (वि.सं. २०७८), *नेपालको तथ्य इतिहास,* शिखा बुक ।

**English**

Mulmi, A.R. (2021). *All Roads lead North*. West Land Publications.

Landress & Klapreth M.M., R. (2000). *The Pligrimage of FA HIAN FoE KOUE KI*. Cosmo Publication.

Wright D. (1877). *History of Nepal*. Cambridge University Press.

Bajracharya, Naresh Man (1998). *Buddhism in Nepal.* Eastern Book Linkres.

Slusser, MS (1982). *Nepal Mandal*, Princetion University Press.

Vajracharya D.V. & Mall K.P. (1985). *The Gopal Raj Vanamsaw*ali. Nepal Research Centre.